नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुगमन तथा मूल्याङ्कन शाखा

फोन ०१-४२००३२३
४२००३०८
फ्याक्स नं. ०१-४२००३२२

पत्र संख्याः- ०७४/७५
चलानी नं.:- २२१.

मिति :२०७४।१।२८

विषयः **१४ औं सचिव बैठकको निर्णय कार्यान्वयन एवं प्रगति सम्बन्धमा।**

श्री शाखाहरू सबै,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार।

श्री केन्द्रीय पञ्जीकरण विभाग, बबरमहल, काठमाडौं।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषिक सडक विभाग,
श्रीमहल, पुल्चोक।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ५१/०७३/७४/७८३२ मिति २०७४/१/२५ को पत्रसाथ प्राप्त नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा बसेको १४ औं सचिव बैठकले गरेका निर्णयहरू यसैसाथ संलग्न छ। त्यहाँ शाखा/विभागसँग सम्बन्धित निर्णयहरूको जानकारी एवं सम्बन्धित विषयमा शाखाहरूबाट तत् तत् समयावधी अनुरूप आवश्यक कार्यान्वयन गरी सो को प्रगति अवस्था मिति २०७४/२/१४ गतेसम्म यस शाखा *(monitoringmofald2015@gmail.com)* मा उपलब्ध गराईदिनुहुन निर्देशानुसार अनुरोध गर्दछु।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

**बोधार्थ :**
श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार। - मन्त्रालयको website मा राख्ने व्यवस्था हुन।

मिति २०७४/१/२५ मा बसेको आ.व. ०७३/७४ को १४ औं सचिव बैठकका निर्णयहरू :

| क्र.सं. | निर्णयहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सिमा | प्रगति |
|---|---|---|---|---|---|---|
| १. | वातावरण संरक्षणका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश कार्याव्वयन गर्न सरोकारवाला मन्त्रालय निकायहरूले दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना बनाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने अघिल्लो सचिव बैठकको निर्णयानुसार हालसम्म ४ वटा मन्त्रालय/निकायबाट मात्र कार्ययोजना प्राप्त भएकोले कार्ययोजना पठाउन बाँकी सबै मन्त्रालय निकायले सात दिन भित्र अनिवार्य रूपमा कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने साथै कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । | वातावरण व्यवस्थापन शाखा | | प्रधानमन्त्री मन्त्रिपरिषद्को कार्यालय | ७ दिनभित्र | |
| २. | स्थानीय तह निर्वाचनको प्रथम चरण प्रारम्भ भई सकेको र दोश्रो चरणको निर्वाचनको मिति समेत तय भइसकेकोले दुबै चरणको निर्वाचनका लागि माग भएका आवश्यक कर्मचारीहरू उपलब्ध गराई निर्वाचनमा सबै मन्त्रालय/निकायहरूले सहयोग पुर्‍याउने । | कर्मचारी प्रशासन शाखा | | सामान्य प्रशासन मन्त्रालय | - | |
| ३. | बेरूजु फछर्यौट र पुँजीगत खर्चको प्रगति अवस्था आशातित रूपमा अगाडी बढेको नदेखिएकाले सम्बन्धित सबै मन्त्रालय निकायले लक्ष्य अनुरूपको प्रगति हासिल हुने गरी कार्य गर्ने । | आर्थिक प्रशासन शाखा/डोलिडार/कार्यक्रम/आयोजना सबै । | | प्रधानमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालय | निरन्तर | |
| ४. | मन्त्रिपरिषद्मा पेश गरिने प्रस्तावहरूको गुणस्तरमा अझै पनि सुधार हुन नसकेको देखिएकोले प्रस्ताव तयार गर्दा सम्बद्ध मन्त्रालय/निकायहरूको राय/सुझावको पर्याप्त विश्लेषण गरी प्रस्तावको गुणस्तरमा विशेष ध्यान दिने । | सबै शाखाहरू | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | |